<u>प्रस्तावहरु</u>

१ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननिय स्व. श्री रविन्द्र अधिकारिको ज्यूको हेलिकप्टर दुर्घटना प्रति श्रद्धान्जलि ।

२ विभिन्न विधेयक पारित तथा अनुमोदन ।

३ सामाजिक कुरिति न्यूनीकरण सम्वन्धमा ।

४ सामाजिक सुरक्षा कार्यक्रम  सम्वन्धमा ।

५ राष्ट्रिय गौरवका योजना छनौट सम्वन्धमा ।

६ प्रदेश स्तरीय  गौरवका योजना छनौट सम्वन्धमा ।

७ गाउँपालिका स्तरीय गौरवका योजना छनौट सम्वन्धमा ।

८ नमुना वस्ति छनौट सम्वन्धमा ।

९ खेलकुद व्यवस्थापन सम्वन्धमा ।

१० उर्जा शाखा व्यावस्थापन सम्वन्धमा ।

११ रामारोशन संरक्षण तथा सिमसार क्षेत्र सम्वन्धमा।

१२ रामारोशन वस्ति घरको रंग रोगन सम्वन्धमा ।

१३ अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रम ।

१४ उपाध्यक्ष महिला सशक्तीकरण कार्यक्रम ।

१५ निजी श्रोतमा कार्यरत शिक्षकहरुको व्यवस्थापन ।

१६ लघु जल विद्युत व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरुः**

नि.नं. १.

नेपाल सरकारका बहालवाला संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री माननीय स्व. श्री रविन्द्र अधिकारी सहित उच्च पदस्थ व्यक्तिहरुको ०७५ साल फाल्गुन १५ गतेका दिन तेह्रथुम जिल्लाको पाथीभरा क्षेत्रमा हेलिकेप्टर दुर्घटनामा परी असमायिक निधन प्रति शोक प्रकट गर्दै हार्दिक श्रद्धाञ्जलीका साथ शोक प्रस्ताव पारित गरियो ।

नि.नं. २.

रामारोशन गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका विधेयक तथा कार्यविधिहरुलाई पारित गर्ने निर्णय गरियो ।

तपसिल

क) "रामारोशन डुङ्गा सञ्चालन कार्यविधि-२०७५"

ख) "मर्यादित मिहनावारी व्यवस्थापन निर्देशिका- २०७५"

ग) "रामारोशन गाउँपालिका क्षेत्रभित्र कैलाशखेला र शाखाखोलामा असला माछा संरक्षण तथा मार्न नियमन गर्न बनेको नियम-२०७५"

घ) "घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धि कार्यविधि - २०७५"

ङ) खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका-२०७५

नि.नं. ३

रामारोशन गाउँपालिका अन्गर्गत चलनचल्तीमा रहेका तपसिल अनुसारका स्थानीय परम्परा, चालचलन तथा रितिरिवाजहरुले गाउँपालिकाको समग्र विकास विशेष गरी बालबालिका, महिला, दलित, जनजाति तथा जेष्ठ नागरिकहरुको क्षेत्रमा नकरात्मक असर पारेका हुनाले यी परम्परा,

चालचलन तथा रितिरिवाजहरुलाई कुरिति घोषणा गर्ने र यस्तो कार्य गर्ने गराउनेलाई प्रचलित ऐन कानून बमोजिम सजाय  दिलाउने निर्णय गरियो ।

<u>तपसिल</u>

क) छाउपडी बार्ने चलनः रामारोशन गाउँपालिका क्षेत्रभित्र अझैपनि छाउपडी गोठको प्रयोग गरी छाउपडी बार्ने चलन रहेकोले संघीय कानून अनुसार छाउपडी कुप्रथाको रुपमा परिभाषित भैसकेकोले यसको निवारणका लागि गोठको अवस्था विश्लेषण गरी भत्काउने र "मर्यादित महिनावरी व्यवस्थापन निर्देशिका - २०७५" लाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) बालविवाह रामारोशन गाउँपालिका क्षेत्रभित्र बालविवाह गर्ने प्रचलन कायमै रहेकोले यसलाई निवारण र न्यूनीकरण गर्नका लागि जनचेतनामूलक कार्यक्रम र विभिन्न अभियानहरु सञ्चालन गर्ने निर्णय गरियो ।

ग) मदिरा सेवनः रामारोशन गाउँपालिका क्षेत्रभित्र मदिरालाई व्यवस्थित गर्नका लागि मदिरा नियन्त्रण तथा नियमन कार्यविधि तयार गरी लागु गर्ने निर्णय गरियो ।

नि.नं. ४

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सेवा प्राप्त गर्ने वृद्ध, एकल महिला र बालबालिकाहरुलाई बैङ्क मार्फत गर्ने गराउने निर्णय गरियो ।

नि.नं. ५

रामारोशन गाउँपालिकाको विकासमा दुरगामी प्रभाव पार्ने तपसिलका आयोजनाहरुको डिपिआर समेत तयार भैसकेकोले राष्ट्रिय गौरवका योजनामा राखी आयोजना कार्यान्वयनका लागि केन्द्र सरकारका सम्बन्धित मन्त्रालयका साथै अर्थ मन्त्रालयसंग माग गर्ने निर्णय गरियो ।

तपसिल

१. तिमिल्सैन रामारोशन सडक कालो पत्रे आयोजना

२. रामारोशन चक्रपथ वडा नं. १ देखि ७ सम्म

३. बञ्जीजम्प पुल पुदु साँकोट र साँकोट बाटुलासैन

४. कवर्डहल सहितको खेलमैदान निर्माण

५. बहुउद्देश्यीय भवन निर्माण

६. गाउँपालिका र वडा कार्यालयका भवन निर्माण

७. कैलाशखोला नदी नियन्त्रण गजड देखि औलाघाटसम्म

८. रामारोशन पर्यटन प्रवर्द्धन

९. कैलाशखोलामा ७ मेघावाटको कैलाशखोला रामारोशन विद्युत निर्माण

नि.नं. ६

रामारोशन गाउँपालिकाको विकासमा दुरगामी प्रभाव पार्ने तपसिलका आयोजनाहरुलाई प्रदेश गौरवका योजनामा राखी आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

तपसिल

१. २५ शैयाको अस्पताल

२. प्राविधिक शिक्षालयको भवन

३. बर्थिङ्ग सेण्टरको भवन ५ वटा

४. वडा कार्यालयलाई जोड्ने सडकहरुको स्तरोन्नती

५. मध्यपहाडी सडक खण्डको विनायक देखि रामारोशन गाउँपालिकाको मुजाबगर सुतार ऋषिदह हुदै बाजुरा जोड्ने अन्तर जिल्ला सडक निर्माण

६. हेलीपेड निर्माण

७. रामारोशन वडा नं. ५ वडा कार्यालयबाट अल्लेडी हुदै कालिकोट जोड्ने अन्तर प्रदेशीय सडक ।

८. माध्यमिक विद्यालयका भवनहरु ७ वटै वडामा

९. रामारोशन गाउँपालिका वडा नं. २ मुजाबगर क्षेत्रमा साना सहर विकास

१०. कैलाशखोला मोटरएवलपुल

१०. रामारोशन गाउँपालिका भित्रका सडकहरुमा मोटरएवल पुलहरु गुलीरवा, डोग्रीखोला, बल्लेखोला, कैलाशखोला, नानीखोला, घट्टेबगर,

नि.नं. ७

१. मलातीकोट लघु जलविद्युत आयोजना

२. चाफामाण्डौ लघु जलविद्युत आयोजना

३. रामारोशन गाउँपालिका वडा नं. ३ को कालापानी, ७ स्याउले र ५ मा रामारोशन संरक्षित क्षेत्र प्रवेशद्वार .

नि.नं. ८

रामारोशन गाउँपालिका वडा नं. ५ को सल्लीसैनलाई नमुना वस्ती बनाउने र पहिरो लागि विस्थापनमा परेको वडा नं. २ को चिलेत्रालाई वस्ती विकास गर्ने निर्णय गरियो ।

नि.नं. ९

रामारोशन गाउँपालिका क्षेत्रमा युवाहरुको चौतर्फी विकासका लागि खेलकुदको विकास गर्नका लागि कार्यपालिका सदस्य श्री अम्मर बहादुर लुहारको संयोजकत्वमा तपसिल बमोजिमको ३ सदस्यीय खेलकुद समिति गठन गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

संयोजक श्री अम्मर बहादुर लुहार कार्यपालिका सदस्य

सदस्य श्री मीन बहादुर शाह गाउँसभा सदस्य वडा नं.४

सदस्य श्री रुपा रावल गाउँसभा सदस्य वडा नं.१

नि.नं. १०

रामारोशन गाउँपालिकामा उर्जाशाखा व्यवस्थापन गर्नका लागि वडा नं. ३ का अध्यक्ष श्री तारा बहादुर साउँदको संयोजकत्वमा तपसिल बमोजिमको ५ सदस्यीय उर्जा समिति गठन गर्ने र शाखाको प्रशासनिक कार्य गर्नका लागि जिल्ला समन्वय समिति अछामबाट पठाइएका लेखा तथा प्रशासन सहायक श्री धनबहादुर कडायतलाई उर्जा मन्त्रालयबाट प्राप्त सशर्त अनुदानको प्रशासनिक खर्चको रकमबाट तलब भत्ता खुवाउने निर्णय गरियो ।

तपसिल

संयोजक श्री ताराबहादुर साउँद वडा अध्यक्ष वडा नं. ३

सदस्य श्री लक्ष्मी विष्ट कार्यपालिका सदस्य

सदस्य श्री खगेन्द्र रोकाया गाउँसभा सदस्य वडा नं. ५

सदस्य श्री पदम भण्डारी गाउँसभा सदस्य वडा नं. ७

सदस्य श्री सुवास वि.क. गाउँसभा सदस्य वडा नं. ६

नि.नं. ११

रामारोशन क्षेत्रलाई संरक्षित गर्न यस क्षेत्रलाई सिमसार क्षेत्रको रुपमा विश्व रामसार सूचीमा सूचिकृत गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नं. १२

रामारोशन गाउँपालिका पर्यटकीय क्षेत्र भएकोले यस क्षेत्रभित्रका सम्पुर्ण घरहरुको रंगरोगनमा एकरुपता ल्याउनका लागि सबै घरहरुमा सेतो र रातो रंगको मात्र प्रयोग गर्ने निर्णय गरियो ।

नि.नं. १३

रामारोशन गाउँपालिकालाई पुर्ण सरसफाई तथा स्वच्छता गाउँपालिका घोषणा गर्न र यसको दिगोपनाका लागि "अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रम" घोषणा गरी सञ्चालन गर्ने निर्णय गरियो ।

नि.नं. १४

रामारोशन गाउँपालिका क्षेत्र भित्रका महिलाहरुको सामाजिक, आर्थिक,  राजनैतिक लगायत समग्र क्षेत्रमा सशक्त बनाउनका लागि "उपाध्यक्ष महिला सशक्तीकरण कार्यक्रम" घोषणा गरी सञ्चालन गर्ने निर्णय गरियो ।

नि.नं. १५

रामारोशन गाउँपालिकाका वडा नं. १ देखि ७ सम्मका आधारभूत र माध्यमिक विद्यालयहरुमा निजी श्रोतबाट कार्यरत शिक्षकहरुको व्यवस्थापनका लागि सामाजिक समितिका संयोजक श्री खडकबहादुर साउँदको संयोजकत्वमा सम्बन्धित वडाका अध्यक्ष सम्मिलित तपसिलको ५ सदस्यीय  अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक श्री खडकबहादुर साउँद

सदस्य श्री अम्मरबहादुर लुहार

सदस्य श्री नन्दराज उपाध्याय

सदस्य श्री रुपा रावल

सदस्य श्री अर्जुन रावल शिक्षक प्रतिनिधि

नि.नं. १६

रामारोशन गाउँपालिका भित्रका लघु जल विद्युत आयोजनाहरुलाई व्यवस्थित गर्न मिनिग्रिड स्थापना र लघु जलविद्युत व्यवस्थापन कार्यविधि तयार गर्नका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग अनुरोध गर्ने निर्णय गरियो ।